# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, फागुन २६ गते, २०७३ साल (संख्या ५७

## भाग ३

नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**सार्वजनिक खरिद (पाँचौं संशोधन) नियमावली,२०७३**

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "सार्वजनिक खरिद (पाँचौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा संशोधनः सार्वजनिक खरिद नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ७२ को उपनियम (१) मा

रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ९४ मा संशोधनः मूल नियमावलीको नियम ९४ को उपनियम (११)को सट्टा देहायको उपनियम (११) राखिएको छः-

"(११) सार्वजनिक निकायले काठमाडौं उपत्यकाभित्र बार्षिक पन्ध्र लाख रुपैयाँसम्म र काठमाडौं उपत्यकाबाहिर बार्षिक पाँच लाख रुपैयाँसम्मको घरजग्गा भाडा तिर्नु पर्ने गरी घरजग्गा भाडामा लिनु परेमा उपनियम (१) बमोजिमको सूचना बमोजिम प्राप्त प्रस्तावमध्ये उपयुक्त प्रस्तावमा सेवा, सुविधा तथा भाडा रकम सम्बन्धमा घर जग्गा धनीसँग सोझै वार्ता गरी घरजग्गा भाडामा लिन सक्नेछ ।"

४. मूल नियमावलीको नियम ९७ मा संशोधनः मूल नियमावलीको नियम ९७ को,-

(१) उपनियम (१) र (१क) मा रहेका "साठी लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएकोछ :-

"(क१) साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान,"

(३) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छः-

"(७) उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिमतोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्नेछ ।"

(४) उपनियम (९) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिनेछ ।"

(५) उपनियम (९) पछि देहायको उपनियम (९क) थपिएको छः-

"(९क) उपनियम (९) को प्रतिबन्धात्मक वाक्यांश विपरीत हेभी मेशीन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरिनेछ ।"

(६) उपनियम (११) को सट्टा देहायको उपनियम (११) राखिएको छः-

"(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित

सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्नेछ ।"

(७) उपनियम (१३) पछि देहायको उपनियम (१३क) थपिएको छः-

"(१३क) उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविश्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।"

**आज्ञाले,**
**रामकुमार आचार्य**
**निमित्त मुख्य सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३